सोलुदुधकुण्ड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु ।

प्रदेश नं. १, नेपाल

प.स २०७९/०८०.

च.नं.

मत्स्य मिसन कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति:२०७९/१०/१८)

यस सोलुदुधकुण्ड नगरपालिकाको पशुपंछी सेवा शाखाको आ.व २०७९/०८० मा स्वीकृत कार्यक्रम अनुसार "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकाश कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०७९" बमोजिम तपशिल अनुसारका कार्यक्रम संचालन गर्न ईच्छुक कृषक /सहकारी/ संस्था/ नीजि फर्म/कृषक समूहहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (मिति२०७९/१०/२४ गते सम्म) कार्यालय समयमा आवश्यक कागजात र तोकिएको ढाँचा अनुसारको आवेदन फारम सहित पशुपंछी सेवा शाखामा निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनोटका लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ ।

कार्यक्रमको विवरण

क.स	कार्यक्रमको शिर्षक	कुल बजेट रु.	उपलब्ध हुन सक्ने अनुदान प्रतिशत	कार्यक्रमको ढाँचा	कैफियत
१.	मत्स्य मिसन कार्यक्रम	१९,७०,०००।	नगरपालिकाको तर्फबाट ५०% र कृषकको तर्फबाट ५०%	लागत साझेदारी	

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१.निवेदन र व्यावसायिक कार्ययोजना ।

२.नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र सम्बन्धित वडाको सिफारिस ।

३.प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता तथा नविकरण र स्थायी लेखा नं.को प्रतिलिपि ।

४.कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि ।

५.कृषक समूह/समिति/सहकारीले कार्यक्रम संचालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि ।

६.अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

७.यसै प्रकृतिको कार्यका लागि विगत दुई(२) बर्षसम्म अनुदान नलिएको स्व–घोषण पत्र ।

८.निमार्ण कार्यको हकमा लागत इष्टिमेट सम्बन्धित वडाको प्राविधिकबाट र मेसिनरी औजारको हकमा स्पेसिफिकेशनको प्रतिलिपि ।

९. फर्मको हकमा सूचना प्रकाशित मिति अगावै यस नगरपालिकाको पशुपंछी सेवा शाखामा सूचिकृत भएको हुनुपर्नेछ ।

१०.कार्यक्रम सम्बन्धी अन्य आवश्यक कागजातहरु ।

नोट: निवेदन र कार्ययोजनाको ढाचाँ सोलुदुधकुण्ड नगरपालिकाको वेभसाईट www.soluduhkundamun.gov.np र पशुपंछी सेवा शाखाबाट नि:शुल्क रुपमा प्राप्त गर्न सकिनेछ ।

थप जानकारीको लागि ९८६९३४७०४०, ९८४०३०६२०४
सोलुदुधकुण्ड नगरपालिका पशुपंछी सेवा शाखा

कोपिला राई
प्रमुख प्रशासकीय अधिकृत

कोपिला राई
प्रमुख प्रशासकीय अधिकृत

Phone No-038520264,Fax No-038520248 Website -www.soluduhkundamun.gov.np
Email- soluduhkundamun@gmail.com